# मालारानी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
खनदह, अर्घाखाँची
लुम्बिनी प्रदेश, नेपाल

पत्र संख्या : २०८२/०८३

चलानी नम्बर :

मितिः २०८२/०७/३०

ने.सं. ११४६ कछलागा १२, आईतवार

## सेवा करारमा कर्मचारी पदपूर्ति गर्ने सम्बन्धी सूचना

प्रस्तुत विषयमा यस मालारानी गाउँपालिका, अर्घाखाँचीको लागि देहायका पद, तह र संख्यामा कर्मचारीहरुको करार सेवाबाट पदपूर्ति गर्नुपर्ने भएकोले देहायको योग्यता पुगेका ईच्छुक नेपाली नागरिकले यो सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिन भित्र माग भए बमोजिमका विवरण र राजस्व तिरेको रसिद सहित कार्यालय समयभित्र गाउँकार्यपालिकाको कार्यालयमा निवेदन पेश गर्नु हुन यो सूचना प्रकाशन गरिएको छ। रीत पुगेका कागजातहरु संलग्न नभई पेश हुन आएको दरखास्त उपर कुनै कारवाही हुने छैन।

| क्र.सं. | विज्ञापन नं. | पद/तह | माग संख्या | कैफियत |
|---|---|---|---|---|
| १ | ०८/०८२-०८३ | पशु चिकित्सक, छैठौं | १ (एक) | पुन: विज्ञापन |
| २ | ०९/०८२-०८३ | जनस्वास्थ्य अधिकृत, सातौं | १ (एक) | पुन: विज्ञापन |
| ३ | १०/०८२-०८३ | ल्याव असिस्टेन्ट, चौथो | १ (एक) | |

**योग्यता:**

- **पशु चिकित्सकको हकमा :**
  - मान्यता प्राप्त शिक्षण संस्थाबाट पशु चिकित्सा विषयमा स्नातक तह (B.V.Sc. & A.H/B.V.Sc) वा सो सरह उत्तिर्ण गरेको र नेपाल पशु चिकित्सा परिषद् दर्ता भएको।
  - दरखास्त दिने अन्तिम मितिसम्म पुरुषको हकमा २१ वर्ष पूरा भई ३५ वर्ष ननाघेको हुनुपर्ने र महिलाको हकमा २१ वर्ष पूरा भई ४० वर्ष ननाघेको।
  - पाठ्यक्रम: लोकसेवा आयोगले निर्धारण गरेको पाठ्यक्रम बमोजिम हुनेछ।
  - आवेदन दस्तुर रु. १२००।
  - परिक्षाको किसिम: लिखित र अन्तर्वार्ता
- **जनस्वास्थ्य अधिकृतको हकमा:**
  - मान्यता प्राप्त शिक्षण संस्थाबाट जनस्वास्थ्य विषयमा कम्तिमा स्नातक तहको योग्यता हासिल गरी नेपाल स्वास्थ्य व्यवसायी परिषद् दर्ता भएको।
  - पाठ्यक्रम: लोकसेवा आयोगले निर्धारण गरेको पाठ्यक्रम बमोजिम हुनेछ।
  - दरखास्त दिने अन्तिम मितिसम्म पुरुषको हकमा २१ वर्ष पूरा भई ३५ वर्ष ननाघेको हुनुपर्ने र महिलाको हकमा २१ वर्ष पूरा भई ४० वर्ष ननाघेको।
  - आवेदन दस्तुर रु. १२०० ।-
  - परिक्षाको किसिम: लिखित र अन्तरवार्ता।
- **ल्याव असिष्टेन्टको हकमा:**
  - मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रवेशिका वा सो सरह उत्तिर्ण गरी ल्याव असिष्टेन्ट कोर्स पूरा गरेको।
  - उमेर: महिलाको हकमा १८ वर्ष पूरा भई ४० बर्ष ननाघेको र पुरुषको हकमा १८ बर्ष पूरा भई ३५ बर्ष ननाघेको।
  - पाठ्यक्रम: प्रदेश लोकसेवा आयोग, लुम्बिनी प्रदेश ले निर्धारण गरेको पाठ्यक्रम बमोजिम हुनेछ।
  - आवेदन दस्तुर रु ५०० ।-
  - परिक्षाको किसिम: लिखित र अन्तरवार्ता।
- **आवश्यक कागजातहरु:-** नागरिकताको प्रमाणपत्रको प्रतिलिपी, शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी, अनुभवको प्रमाणपत्रको प्रतिलिपि र पासपोर्ट साईजको फोटो ३(तिन) प्रति आफुले आवेदन गर्न चाहेको पद प्रष्ट रुपमा खुलाई निवेदन सहित गाउँपालिकाको कार्यालयमा पेश गर्नु पर्नेछ। प्रमाणपत्रहरु आवेदक स्वयमले प्रमाणित गरी पेश गर्नुपर्ने छ। रितपूर्वक पेश नभएका आवेदनहरुलाई छनौट प्रक्रियामा समावेश गरिने छैन।
- यस सूचनामा उल्लेखित सर्तहरु यसै बमोजिम र सूचनामा उल्लेख हुन छुट भएका विषयहरु प्रचलित कानुन बमोजिम हुनेछ।
- दरखास्त दिने स्थान: मालारानी गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय, खनदह, अर्घाखाँची।
- सेवा सुविधा:- प्रचलित कानून बमोजिम वा करार सम्झौतामा उल्लेख गरे बमोजिम हुनेछ।
- निवेदन कार्यालयको ईमेल-ठेगाना malaraniruralmun@gmail.com मा समेत पठाउन सकिनेछ।
- Online राजश्व भुक्तानी खाता नं. २९२०१४०००००१२३ GA 1.1 MALARANI GA.PA.AANTARIK RAJASWO KHATA मार्फत बुझाउन सकिनेछ।

२०८२/०७/३०
गोविन्द भट्टराई
प्रमुख प्रशासकीय अधिकृत

- **दरखास्त दिने अन्तिम मिति :** २०८२/०८ ।१४ गतेका दिन कार्यालय समय भित्र बुझाउन सकिने छ। आवेदन बुझाउने अन्तिम मितिको दिन सार्वजनिक विदा परेमा विदाको भोलिपल्ट निवेदन बुझाउन सकिने छ।
- थप जानकारीको लागी सम्पर्क नं. ९८५७०६६४३२
- सम्पर्क मिति: २०८२/०८/१६
- दरखास्त फाराम र पाठ्यक्रम संलग्न QR Code मार्फत प्राप्त गर्न सकिनेछ।

दरखास्त फाराम

पाठयक्रम

गोविन्द भट्टराई
प्रमुख प्रशासकीय अधिकृत